स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



मिस नेपाल पृष्ठभूमिकी शुभेक्षा खड्काको फिल्ममा सुखद करिअर बन्न सकेको छैन । दुईटा फिल्ममा काम गरिसकेको भए पनि उनलाई अभिनेत्रीको रुपमा स्थापित हुन अझै संघर्ष गर्नुपरेको छ । अब उनी तेस्रो फिल्ममा काम गर्ने तयारीमा रहेकी छिन् । निर्देशक घनश्याम लामिछानेको निर्देशनमा बन्न लागेको फिल्म 'चित्रा'मा उनले मुख्य भूमिकामा अभिनय गर्दैछिन् । अघिल्ला फिल्मको नतिजाले संकटमा परेको करिअरलाई 'चित्रा'बाट पुर्नजीवित गर्नुपर्ने चुनौती उनलाई छ ।

**आजको विचार...**



प्रकाश नेपाल

भ्रष्टका...

(दुई पेजमा)



'जुलेबी', 'गाँजाबाजा', 'होस्टेल रिर्टन्स', 'रणवीर' जस्ता फिल्ममा अभिनयको वाहवाही बटुलेका अभिनेता सुशील सिटौला नयाँ फिल्म 'मायावी'मा अनुबन्धित भएका छन् । निर्माण टिमले आइतबार एक पोस्टरमार्फत् फिल्ममा उनको अभिनय रहने जानकारी गराएको हो । यसअघि फिल्ममा अभिनेता पल शाह अनुबन्ध भैसकेका छन् । फिल्ममा अभिनेत्री दीपिका प्रसाईंको पनि अभिनय रहनेछ । दीवाकर भट्टराईको लेखन तथा निर्देशनमा बन्न लागेको फिल्मको आगामी असोज पहिलो साताबाट पोखरामा छायांकन सुरु हुनेछ ।

❑ वर्ष २९ ❑ अंक ५७ ❑ २०८० भदौ २६ गते मंगलबार 12 September 2023, Tuesday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# कार्यक्रमको समीक्षा गर्दै कार्ययोजनामा जुटे पाल्पाका स्वास्थ्य संस्था



कृष्ण पोखरेल

**पाल्पा,** भदौ २५/जिल्ला स्वास्थ्य कार्यालय पाल्पाले गत आर्थिक वर्षको समीक्षा सुरु गरेको छ । कार्यालय अन्तरगत सञ्चालन भएका विभिन्न कार्यक्रमको प्रभावकारीता र चालु आर्थिक बर्षको योजना बनाउने उद्देश्यसहित सोमबारदेखि समीक्षा गोष्ठि सुरु गरेको हो ।

समीक्षा कार्यक्रममा कार्यालय अन्तर्गतका १० वटै स्थानीय तहका स्वास्थ्य शाखाका प्रतिनिधिको सहभागिता छ । जिल्ला स्वास्थ्य कार्यालयको अगुवाईमा जिल्लाका १० वटै पालिकाका स्वास्थ्य शाखा, पाल्पा र रामपुर अस्पताल, २ वटा प्राथमिक उपचार केन्द्र, मिसन अस्पताल, लुम्बिनी मेडिकल कलेज, जिल्ला आर्युवेर्दिक अस्पताल, जिल्ला लायन्स लाकौल आँखा अस्पताल, नेपाल परिवार नियोजन संघ पाल्पा, लुम्बिनी प्रदेश सरकार र विश्व स्वास्थ्य संगठनको सहभागितामा ३ वर्षे समीक्षा गर्दै आगामी रणनीति तथा कार्ययोजना निर्माण गर्न थालिएको हो । पाल्पा क्षेत्र नं. १ का प्रतिनिधीसभा सदस्य नारायणप्रसाद आचार्य, प्रदेश सांसदद्धय वीरबहादुर राना, खेमबहादुर सारु, जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनाल, प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोला सहितको उपस्थितीमा जिल्लाको स्वास्थ्य क्षेत्रका सूचकहरुलाई राम्रो गुणस्तरीय बनाउन यस वर्ष जिल्ला स्वास्थ्य कार्यालय पाल्पाले समीक्षासँगै रणनीतिक कार्ययोजना निर्माण गर्न लागेको छ ।

समीक्षा कार्यक्रममा तानसेन नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख झविन्द्र न्यौपाने, बगनासकाली स्वास्थ्य शाखा प्रमुख मणिराम अधिकारी, रिब्दीकोट स्वास्थ्य शाखा प्रमुख सुनिल अधिकारी, रैनादेवी छहरा स्वास्थ्य शाखा प्रमुख जीवन राना, तिनाउ स्वास्थ्य शाखा प्रमुख कृष्ण कार्की, माथागढी स्वास्थ्य शाखा प्रमुख केशवबहादुर जिसी, पूर्वखोला स्वास्थ्य शखा प्रमुख मोहन ढकाल, निस्दी स्वास्थ्य शाखा प्रमुख रेमबहादुर दिसा, रम्भा स्वास्थ्य शखा प्रमुख शिव प्रसाद अर्यालले ३ वर्षे कार्यप्रगती तथा सुधार गर्नुपर्ने कामहरुको बारेमा जानकारी गराएका थिए ।

जिल्ला स्वास्थ्य कार्यालय पाल्पाका तथ्याङ्क अधिकृत टुकप्रसाद पोखरेलले जिल्लाको समग्र स्वास्थ्यको अवस्था बारे जानकारी गराएका थिए । पाल्पामा अझै बालविवाह न्यूनिकरण नहुँदा २० बर्ष भन्दा अघि नै बच्चा जन्माउने संख्या १० प्रतिशत रहेको स्वास्थ्य कार्यालय पाल्पाका प्रमुख डा.राजेन्द्र गिरीले बताए । ऐन नियम कानुनमा २० बर्ष अगाडि विवाह गर्न नै बन्देज लगाइरहेको अवस्थामा २० बर्ष भन्दा मुनी उमेरका १० प्रतिशत महिला सुत्केरी हुनु भनेको हामी सबैको लागि चुनौतीको विषय भएको आगामी दिनका लागि कठोर कार्ययोजना बनाएर काम गर्नुपर्ने डा. गिरीले बताए । सार्वजनिक गरिएको विवरणमा सर्ने भन्दा नसर्ने रोगको स्थिती भयावह बन्दै गएको, सुत्केरी महिलाले बच्चालाई ६ महिनासम्म नियमित रुपमा स्तनपान गराउनु पर्नेमा बिचैमा छाड्ने अवस्था बढ्दै गएको चुनौती थपिएको कार्यालयका सूचना अधिकारी टिकाराम अधिकारीले बताए । अझै पनि केही पालिकाहरुमा घरमै सुत्केरी हुने अवस्था रहेको जस्ता अवस्था पाल्पामा अझै पनि चुनौतीको रुपमा देखिएका छन् । समीक्षा कार्यक्रम आजसम्म सकिने छ ।

पाल्पामा स्वास्थ संस्थाहरुमा पर्याप्त जनशक्ति चिकित्सकहरु नहुँदा कयौं योजना तथा कार्यक्रमहरु कार्यान्वयन नभई फिर्ता गएका छन् । पाल्पामा २ नगरपालिकामा ५० बेडको अस्पताल, अन्य ८ वटा पालिकामा १५ बेडका अस्पताल सञ्चालनको तयारी भईरहदा आवश्यक दरवन्दीको लागि कुनै पक्षबाट पहल हुन सकेको छैन जसका कारण अस्पतालका भवनहरु मात्र ठडिने अवस्था देखिएको छ ।

## संक्षिप्त समाचार

### बाढीमा १ सय ५० जनाको मृत्यु

(रासस /एएफपी):

**बेन्गाजी, (लिबिया),** भदौ२५/ भूमध्यसागरमा आएको ड्यानियल आँधीका कारण लिबियामा मुसलधारे वर्षासँगै बाढीको प्रकोप हुँदा १ सय ५० जनाको मृत्यु भएको एक जना सरकारी अधिकारीले बताएका छन् । लिबियाको बेन्गाजीस्थित प्रशासनका प्रवक्ता मोहम्मद मसुदले डेर्ना, जबल अलअख्दार क्षेत्र र अलमर्जको उपनगरमा आँधी ड्यानियलले पारेको मुसलधारे वर्षासँगै आएको बाढीमा परी कम्तीमा एक सय ५० जनाले ज्यान गुमाएका बताए । 'यो मानवीय क्षति बाहेक सार्वजनिक एवं निजी सम्पत्तिको पनि व्यापक विनाश भएको छ,' उनले एएफपी संवाददातालाई सुनाए । प्रधानमन्त्री ओसामा हमाद उद्धार समितिका प्रमुख र अन्य मन्त्रीहरू बाढीबाट भएको क्षतिको मूल्याङ्कन गर्न डेर्ना पुगेका बताएका छन् । त्रिपोलीमा संयुक्त राष्ट्रसैको मध्यस्थतामा गठन भएको अन्तरराष्ट्रिय मान्यता प्राप्त सङ्क्रमणकालीन प्रशासनको प्रतिद्वन्द्वी हमादको सरकारले सोमबार डेर्नालाई प्रकोपग्रस्त क्षेत्र घोषणा गरेको छ । उद्धारमा खटिएका नौ जना सैनिक जवान सम्पर्कविहीन भएका छन् पूर्वी लिबियामा आइतवार आँधीले जबल अल-अख्दारको भेगमा व्यापक क्षति गरेको छ । केही दिनअघि डेनियल आँधीका कारण ग्रीस, टर्की र बुल्गेरियाका केही भागमा मुसलधारे वर्षा हुँदा २७ जनाको मृत्यु भएको थियो ।

## कैलाशनगरमा तीज गीत प्रतियोगिता



**तानसेन,** भदौ २५/तानसेनस्थित कैलाशनगरको माछापुच्छ्रे टोल विकास संस्थामा तीज गीत प्रतियोगिता आयोजना गरिएको छ । टोलविकास संस्थाको आयोजना र यशोदा फुड्स प्रालिको प्रायोजनमा प्रतियोगिता एवं सम्मान कार्यक्रम भएको हो ।

कार्यक्रमको कम्पनीका आरएसएम माधव आचार्यले उद्घाटन गरेका थिए । उनले नेपाली हिन्दु नारीहरुको महान पर्व हरितालिका तीजको अवसरमा शुभकामना व्यक्त गर्दै सामाजिक दायित्व अन्तर्गत कम्पनीले कार्यक्रमलाई सहयोग गरेको बताए । कार्यक्रममा कम्पनीका एएसएम प्रदीप अर्याल, कम्पनीको तर्फबाट पाल्पा जिल्लाका लागि आधिकारिक विक्रेता गोविन्द गुप्ता, कम्पनीका अर्का विक्रेता सिर्जना सप्लायर्सका प्रोप्रपराईटर एवं टोल संस्थाका सल्लाहकार झवि खराल, अर्का सल्लाहकार विरेन्द्र हमाल, टोलसंस्थाकी कोषाध्यक्ष भारती हमाल लगायतले प्रतियोगिताको सफलताको शुभकामना व्यक्त गरेका थिए । प्रतियोगिताका विजेता तथा उपविजेतालाई सम्मान गरिएको थियो । टोलविकास संस्थाकी अध्यक्ष इन्द्रा भट्टराईको अध्यक्षता, महिला नेतृ मालती पौडेलको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## विधेयक नसच्याइए आन्दोलनमा उत्रिने वन प्राविधिकहरुको चेतावनी



**पाल्पा,** भदौ २५/लुम्बिनी प्रदेश सरकाले हालै ल्याएको निजामती सेवा विधेयकको विरोधमा उत्रेको जुनियर वन प्राविधिक संघ नेपाल पाल्पाले ५ बुँदे माग सार्वजनिक गर्दै विधेयक नसच्याए आन्दोलनमा उत्रिने चेतावनी दिएको छ ।

संघमा आवद्ध वन प्राविधिकहरुले डिभिजन वन कार्यालय पाल्पाका निमित्त डिभिजनल वन अधिकृत रामचन्द्र लामामार्फत मुख्यमन्त्रीको कार्यालय लुम्बिनी प्रदेश र त्यस मातहतका निकायलाई ज्ञापन पत्र बुझाउँदै निजामती सेवा विधेयकमा भएको व्यवस्थाबाट समग्र वनरक्षक कर्मचारीहरु अत्यन्त मर्माहत भएको भन्दै सच्याउन माग गरेका छन् । विधेयक नसच्याइए वन प्राविधिक संघ, नेपाल मार्फत चरणवद्ध आन्दोलनका कार्यक्रमहरु घोषणा गर्न बाध्य हुने उनीहरुले ज्ञापन पत्रमार्फत प्रदेश सरकारलाई चेतावनी दिएका हुन् । २०८० भदौ २२ गते पारित भएको लुम्बिनी प्रदेश निजामति सेवा विधेयकले विभेदकारी प्रावधान ल्याएकाले तत्काल सच्याएर कर्मचारीको मनोवल उच्च राख्न उनीहरुले आग्रह गरेका छन् । 'हामी वनरक्षक कर्मचारीहरुको वृतिविकास र माथिल्लो पदमा पदोन्नतिको लागि साविकको रा.प. अनं. द्धितिय श्रेणीको खरिदार (हाल सहायक चौथो तह) मा पदोन्नति भई वृत्तिविकासको मार्ग प्रशस्त गर्नको लागि निजामती सेवा ऐन, २०४९ मा भएका व्यवस्था र मिति ०८०/०३ /२२ मा प्रदेश सभामा पेश भएको प्रदेश निजामती सेवा विधेयकको मस्यौदामा सहायक तह चौथोमा पदपूर्ती १०० प्रतिशत आन्तरिक प्रतियोगितात्मक परीक्षाद्धारा गर्ने ब्यवस्था राखिएकोमा उक्त ब्यवस्था विपरित आन्तरिक प्रतियोगितात्मक परीक्षाको व्यवस्था पुरै हटाईएको साथै भए गरेका सेवा सुबिधा र वृत्तिविकासका अवसरहरु समेत खोसिने र सेवा प्रवेश गरेकै पदबाट अवकाश हुनुपर्ने गरि आएको जारी प्रदेश निजामती सेवा ऐन प्रति हाम्रो आपत्ति रहेको छ' अध्यक्ष प्रेम विश्वकर्मा, उपाध्यक्ष तिलक बगाले र सचिव केशबहादुर खण्डलुद्वारा जारी ज्ञापन पत्रमा भनिएको छ ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## बीपी विचार प्रेरणादायी

बीपी कोइराला राजनेता हुन् भन्नेमा नेपाली काँग्रेस मात्र होइन, उनलाई बुझ्नेका, संगत गरेका र पढेका कम्युनिस्ट नेताहरूसमेत सहमत छन् । यस्ता उच्च कोटिका नेताको सम्झना काँग्रेसले यस पटक विशेष ढंगले गरेको छ । काँग्रेस केन्द्रीय कार्यालयले बीपी जयन्तीका अवसरमा 'बीपी साहित्य महोत्सव' नै सञ्चालन गर्‍यो भने देशभरका जिल्ला समितिहरुले बीपी विचारको संवाद, परिसंवादसँगै अन्य रचनात्मक कार्यक्रम गरी सम्झिए । बीपीको सम्झनाले उनका विचारहरू अहिले पनि समयसापेक्ष नै छन् भन्ने दर्साउँछ । समाजवादप्रति दरिलो आस्थाका कारण बीपी उदारवादी वाम चिन्तक मानिन्छन् । उनको समाजवादमा आर्थिक समानता र राजनीतिमा लोकतान्त्रिक मान्यता समाविष्ट छन् । लोकतान्त्रिक समाजवादको अवधारणा राख्ने बीपी नेपाली समाजमा अझै धेरै वर्ष प्रेरक व्यक्तित्व बनिरहने पक्का छ ।

केही वर्षहरूमा बीपी जयन्ती, स्मृति दिवस र मेलामिलाप कार्यक्रमहरु कर्मकाण्डी हुँदै गएको जस्तो देखिए पनि यस्ता कार्यक्रमले काँग्रेससँग बीपीलाई जोडेर राख्छ । यो स्वभाविक हो । बीपी विचारप्रति काँग्रेसजनहरूको चासो हुने नै भयो तर कांग्रेसमा आस्था नभएकाहरुमा पनि यसमा चासो पलाएको छ । बीपी जस्तो प्रतिभा सम्पूर्ण नेपालीको धरोहर हो भन्ने बुझाउन समय लाग्ला तर उनका विचार र कृति दीर्घकालसम्म सबैका लागि विचारणीय हुनेमा सन्देह छैन । राष्ट्रियता, लोकतन्त्र र समाजवादको प्रथम नेपाली भाष्यकारका रुपमा बीपीको योगदान सदा स्मरणीय र प्रेरणादायी बनेको छ । उनको विचार, सिद्धान्त र उनले छोडेका राजनीतिक तथा साहित्यिक लेखनले कुनै न कुनै रूपमा नेपाली समाज प्रभावित भइरहेको छ । अहिलेको सन्दर्भमा समेत बीपीको विचार उत्तिकै सान्दर्भिक बनेको छ । काँग्रेसले बीपीलाई औपचारिक रुपमा सम्झने मात्र होइन उनको विचारलाई आत्मसाथ गर्दै पार्टीलाई सोही दिशामा हिडाउनु अहिलेको आवश्यकता हो । यसर्थ बीपीको विचार प्रेरणाबाट बाटो नबिराइ अगाडि बढे मात्र राष्ट्रको हित भई काँग्रेस पार्टी अगाडि बढ्नेछ ।

## Opinion @ Social Network

परिस्थिती जस्तो सुकै होस् खुशी रहने प्रतिबद्धता गर्नु पर्दछ,
किनकी सुख र दुःख हाम्रै सोचाइमा निर्भर गर्दछ ।
(तुल्सा बस्यालको फेसबुक स्टाटस https://www.facebook.com/tulsa.bashyal)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भ्रष्टका दिन अन्त्य नहुने नै हो ?



प्रकाश नेपाल

पुष्पकमल दाहाल प्रचण्ड पछिलो पटक यो मुलुकको सरकार प्रमुख बनेपछि विभिन्न चर्चा परिचर्चासँगै आलोचनाको पात्र पनि बने । आम जनतामा सरकारप्रति आशा भरोसा खासै थिएन । आलोचनाका बलिया-बलिया खम्बा बनेका बखतमा नारायणकाजी श्रेष्ठले आम जनतामा उठेको भ्रमलाई एकाएक हटाउन लागेपछि अलोचनाका खम्बा एकपछि अर्को गर्दै ढल्दै गए । सुरुवातीमा गृहमन्त्रीले सुराकी वापतको रकम नलिने उद्‌घोष गर्दा उनको वास्तविक स्वरुप छलङ्ग भयो त्यसैबाट उनको प्रशंसाले माला लगाउने अवसर पाए । उनी नेपालीलाई फर्जी कागज बनाएर भुटानी शरणार्थी बनाएर अमेरीका पठाउने गिरोहलाई जरैबाट उखल्न सफल भए । यो प्रकरणमा रामबहादुर थापाका छोरा पक्राउ पर्नु अगाडि नै फरार भए । उनलाई कानुनी कठघारामा उभ्याउन भने सफल भएनन् । थापा पुत्रसँगै देउवा पत्नी र खाड पत्नीलाई कानुनी कठघरामा उभ्याउन नसक्दा गृहमन्त्रीको भन्दा प्रधानमन्त्रीको आलोचना चुँलीदै गएको यथार्थ नै हो । बालुवाटारको जमिन प्रकरणमा समेत उस्तै त्यस्तै भएको बखतमा फेरी सुन काण्डको नयाँ माध्यम थालनी भयो ।

राजस्व अनुसन्धाले प्रारम्भिक कार्य पुरा गरेपछि प्रहरीको केन्द्रिय अनुसन्धान व्युरोलाई थप कार्य अगाडि बढाउन अख्तियारी दिइयो । सिविआईका कुशल दक्षता हासिल गरेकालाई देउवाको दवाबमा सरुवा गरियो । एउटा उद्देश्य बोडका गृहमन्त्रीको क्रियाकलापप्रति देउवा मात्र होइनन् ओली समेत असन्तुष्ट भए । नेकपा एमालेले सदन नै अवरुद्ध गरेको तथ्य र सत्य कहि कतैबाट छिपेको छैन । सुन काण्डलाई सिविआइले चित्त बुझ्ने गरी काम हुनेमा कसैको पनि दुईमत देखिदैन । सुन काण्डमा समातिएका एक जना पात्र जो नेकपा एमालेका अध्यक्ष ओलीका दाहिना भएका व्यक्ति हुन् । त्यस पछिका दिनमा एमालेले सदनमा अवरुद्धको थालनी गरेको हो । जुन व्यक्तिले नेकपा एमालेको चितवनमा सम्पन्न महाधिवेशनमा होटलको खर्च बेहोरेका थिए । भण्डै दस करोड खर्चिएका व्यक्ति सुन प्रकरणमा समातिए पछि ओलीलाई हनहनी ज्वारोले च्यापो । सुन प्रकरणमा देउवा पत्नीको त्यस्ता व्यक्तिको नाम समेत जोडिन पुगेको विषय वहश नभएको होइन कमिसनका कारण उनको नाम जोडिनु प्रकरणलाई अस्वाभाविक ठानिदैन ओली र आरजुका कारण सुन प्रकरण पनि मुहानैसम्म कठिन देखिन्छ ।

यस्ता-यस्ता पुराना फाइलहरु धेरै छन् । नारायाण काजीले हिक्मत गरेको खण्डमा यस अगाडिको ३३ किलो सुन प्रकरण, ओम्नी प्रकरण, गोकुल बास्कोटाको अडियो प्रकरण मात्र होइन ? आज कति वर्ष भयो निर्मला पन्तको हत्या भएको समेत फाइल खोलिनु पर्दछ ।

> *एउटा उद्देश्य बोडका गृहमन्त्रीको क्रियाकलापप्रति देउवा मात्र होइनन् ओली समेत असन्तुष्ट भए । नेकपा एमालेले सदन नै अवरुद्ध गरेको तथ्य र सत्य कहि कतैबाट छिपेको छैन । सुन काण्डलाई सिविआइले चित्त बुझ्ने गरी काम हुनेमा कसैको पनि दुईमत देखिदैन । सुन काण्डमा समातिएका एक जना पात्र जो नेकपा एमालेका अध्यक्ष ओलीका दाहिना भएका व्यक्ति हुन् । त्यस पछिका दिनमा एमालेले सदनमा अवरुद्धको थालनी गरेको हो । जुन व्यक्तिले नेकपा एमालेको चितवनमा सम्पन्न महाधिवेशनमा होटलको खर्च बेहोरेका थिए । भण्डै दस करोड खर्चिएका व्यक्ति सुन प्रकरणमा समातिए पछि ओलीलाई हनहनी ज्वारोले च्यापो । सुन प्रकरणमा देउवा पत्नीको त्यस्ता व्यक्तिको नाम समेत जोडिन पुगेको विषय वहश नभएको होइन कमिसनका कारण उनको नाम जोडिनु प्रकरणलाई अस्वाभाविक ठानिदैन ओली र आरजुका कारण सुन प्रकरण पनि मुहानैसम्म कठिन देखिन्छ । यस्ता-यस्ता पुराना फाइलहरु धेरै छन् । नारायाण काजीले हिक्मत गरेको खण्डमा यस अगाडिको ३३ किलो सुन प्रकरण, ओम्नी प्रकरण, गोकुल बास्कोटाको अडियो प्रकरण मात्र होइन ?*

निर्मला पन्तको विषयमा किन बोल्न चाहाँदैनन् ओली । उनको समयमा जघन्य अपराध भएको हो । हो यस्ता फाइल त गृहमन्त्रीले प्रधान मन्त्रीको इसरा र सहयोग तथा समन्वयमा खोल्न सक्दछन् । संगठित अपराध भ्रष्टचारका कारण आम जनताको पुराना दल प्रति आस्था र विश्वास कम हुँदै गएको तथ्य नै हो । पञ्चायत कालिन समयमा भ्रष्टचारको गन्ध कही कतै आयो भने त्यस विषयमा दरबारको दृष्टि चनाखो हुन्थ्यो अनि त्यसको परिमाण आउदै थियो । २०४६ सालमा भएको राजनैतिक परिवर्तन आएका अपराध भ्रष्टचारले नराम्रो समस्या गाडेको सत्य नै हो । ठूला-ठूला पुराना-पुराना भनिने दलहरु नेतादेखि उच्च तहमा पुगेको परिवारका सदस्यको नाम आउनु व्यवस्थाका लागि अत्यन्त लज्जास्पद कुरा हो । हो सुन प्रकरणमा कृष्ण बहादुर महराका पुत्र प्रहरी अनुसन्धानको क्रममा हिरासतमा रहेका बखतमा नन्द बहादुर पुनका पुत्र घर नै हुनु भनेको लोकतान्त्रिक व्यवस्थाको अपगुण नै हो । शक्तिको आडको कारण पुन पुत्रलाई प्रहरीले घरमा पुगेर सोधपुछ गर्नु भनेको त जसको लौरो उसैको भैसी भने जस्तै हो ।

गृहमन्त्रीलाई स्वतन्त्र रुपमा छाडिएको भए बालकृष्ण खाँण, टोप बहादुर रायमाझी मात्र होइनन् धेरै नेता जेलमा हुन्थे । बालकृष्ण प्रकरणले देउवा असन्तोष भए । आफनो श्रीमतीको समेत त्यही हविगत हुन्छ की भन्ने चिन्ताले उनलाई धेरै दिन राती निद्रा लागेन । अर्को सरकारका कारण ओलीलाई समेत त्यस्तै भयो । मुलुकलाई भ्रष्टचारले दलदलमा नराम्रोसँग फसायो आम जनतामा एउटा विश्वास थियो अब भ्रष्टका दिनहरु छोटिदै छन् भन्ने तर आम जनताको विश्वासमा देउवा ओलीले विष वृक्ष रोपण गरेको यथार्थ हो । कोभिडको समयमा स्वास्थ्य सामाग्री खरिद प्रकरणको फाइल समेत खोल्न लगाउन पर्ने माग थियो तर एमालेले सदन अवरुद्ध गरेर तहस नहस बनायो । संसदिय समिति बनाउनुपर्ने माग गर्‍यो अनि घटनालाई अर्कोतर्फ मोडिदिएको सत्य हो । नेकपा एमालेले भने जस्तो ससदीय समितिले अहिलेसम्म कुनै पनि भ्रष्टचारको मुद्दालाई टुगोंमा पुर्‍याएको छैन् । सिविआई मार्फत स्वतन्त्र रुपमा गर्न दियो भने आफनो पार्टी नै रित्तिने भयो भन्ने भयको बलियो घर बनेको सत्य हो । सुन काण्डबाट देउवा ओलीको सात्तो नै गएको कारण दवावमा दाहाल र श्रेष्ठ परेको सत्य पनि हो ।

बालुवाटार जग्गा प्रकरणमा बिष्णु पौडेलले उन्मुक्ती पाउने त्यसैगरी वर्तमान अतिख्यार, प्रमुख, पुर्व मुख्य सचिव कानुनी कठघरामा नआउनु पनि दवावका उदाहरणहरु हुन । यस्तो भएपछि स-साना मात्र समिति ठूला-ठूलाले उन्मुक्ति पाउने प्रवृति र पद्दतीले ओली कै कार्यकालको निरन्तरता हो । जब सिवीआईको टोलीलाई फेर बदल गरियो तब नियत र नियती प्रष्टियो । संगठित मानव तस्कर अपराध, भ्रष्टचारको अनुसन्धानको सवालमा निर्मम बन्नुपर्ने हो तर त्यसो हुन नसकेका कारण पुराना दल प्रति नयाँ पुस्तामा वितृष्णा पैदा भएको पनि सत्य हो । पछिल्लो समयमा झापाको चिया बगान काण्डमा समेत राम्रोसँग मुद्दा अगाडि नबढाउने शर्तमा एमालेले सदन सुचारु गरेको हो । यो विषयमा ओलीको र उनका अनुयायीहरुको कानुनी कठघरामा आउने सवालमा आशावादी नै नभए भयो । यस विषयमा पनि ठूलो माछा न समातिने नै भयो । भ्रष्टचारका फाइल नखोल्ने विषयमा ओली, देउवा र दाहलबिच गोप्य सम्झौता भएको सत्य हो । एउटा सत्य के हो भने ओली र देउवा रहेसम्म पार्टी राम्रो बन्ने पनि छैन् । त्यसैले काले काले मिलेर खाउ भाले भनेको सत्य हो । ठूला दलका कारण भ्रष्टका दिन कहिल्यै अन्त्य नहुने भयो । आम जनताहरु भन्दछन् भ्रष्टहरुको दिन कहिले अन्त्य हुन्छ ? तर भ्रष्टका दिन देउवा र ओली रहे सम्म हुँदैन । सुन काण्ड प्रकरणमा देउवा ओलीको अप्रत्यक्ष सम्बन्ध देखियो । झापा चिया बगान काण्डमा पनि भएको यस्ता पात्र कानुनी कठघरामा नउभिने भए ।

***(लेखक जिल्लाका क्रियाशील एवं समसामयिक विषयमा खरो रुपमा कलम चलाउने युवा पत्रकार समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा नोक्सानी बेहोर्नु पर्नेछ । | **तुला** : शैक्षिक क्षेत्रमा समस्या आउला, तर वैदेशिक कार्य अघि बढ्नेछ । |
| **वृष** : यात्रा गर्ने अवसर मिल्नेछ । अध्यात्मको भावना जाग्न सक्छ । | **वृश्चिक** : जटिल ठानिएको कामहरु पूरा हुन सक्छ । यात्राबाट सफलता मिल्नेछ । |
| **मिथुन** : धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । | **धनु** : रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । |
| **कर्कट** : रोकिएका अधुरा कामहरू पुरा हुनसक्छ । स्वास्थ्य सबल नै रहनेछ । | **मकर** : आफन्तसँग मनमुटाव बढ्ला । कमजोर भएको अनुभूति हुनेछ । |
| **सिंह** : विवेकले काम नगर्न सक्छ र खानपिनमा सचेत रहनु नै उचित हुनेछ । | **कुम्भ** : हिर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । |
| **कन्या** : साथिको सहयोगले काम बन्नेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास हुनेछन् । | **मीन** : कुनै कुराले मनमा शान्ति छाउनेछ । शुभकार्यको चर्चा चल्नेछ । |

ना प्रविधि

# आइफोनमा यूएसबी टाइप सी पोर्ट राख्नुको अर्थ के हुन्छ ?



विश्वमा पहिलोपटक सन् २०१५ मा यूएसबी सी चार्जिङ पोर्ट भएको डिभाइस बजारमा आएको थियो । अहिले एन्ड्रोइड फोनदेखि ल्यापटप, वायरलेस इयरबड, मिररलेस क्यामेरा, गेमिङ कन्सोल, पर्सनल कम्प्युटर मनिटर देखि इलेक्ट्रिक स्कुटरसम्म यत्रतत्र टाइप सी चार्जिङ पोर्ट फैलिएको छ । तथापि आइफोनमा भने अहिलेसम्म यूएसबी सी पोर्ट थिएन । यद्यपि उसले केही वर्षदेखि नयाँ म्याकबुक तथा आइप्याडमा भने यूएसबी सी पोर्ट नै राख्दै आएको छ ।

एप्पलले आफ्ना आइफोनमा सन् २०१२ देखि आफ्नै लाइटनिङ चार्जिंङ कनेक्टर प्रयोग गर्दै आएको छ । तर अब भने आइफोनको विद्यमान लाइटनिंग पोर्टलाई यूएसबी पोर्टले प्रतिस्थापित गर्ने घोषणा एप्पलले गरिसकेको छ । आज सार्वजनिक गर्ने भनिएको आइफोन १५ सिरिजबाटै आइफोनमा पहिलोपटक टाइप सी पोर्ट राखिने अनुमान गरिएको छ ।

**एप्पलले किन फेर्दैछ चार्जिङ पोर्ट ?**

पुराना आइफोन तथा आइप्याडमा रहेको ३० पिन कनेक्टर सम्झिनुस् त । सन् २००३ मा ल्याइएको उक्त ३० पिन कनेक्टरलाई एप्पलले ९ वर्षपछि सन् २०१२ मा विस्थापित गर्दै लाइटनिङ्ग पोर्ट राखेको थियो, जुन आकारमा सानो हुनुका साथै कनेक्टरलाई जुनसुकै दिशाबाट पनि जोड्न सकिन्छ । अब लाइटनिङ्ग पोर्टको ११ वर्षे यात्रापछि आइफोनबाट यसलाई पनि हटाएर टाइप सी पोर्ट राख्दैछ एप्पलले । एप्पलले आफ्ना अन्य हार्डवेयरहरुमा पछिल्ला वर्षहरुमा क्रमश: टाइप सी पोर्ट थप्दै आएको छ । पहिलोपटक सन् २०१५ मा एप्पलले नै पहिलोपटक ल्यापटपमा यूएसबी सी पोर्ट राखेको थियो । त्यसपछि उसले आइप्याडमा पनि टाइप सी पोर्ट राख्न सुरु गर्‍यो । यस अर्थमा अबको पालो आइफोनकै हो भन्नेमा दुईमत छैन । तथापि एप्पलले आफ्नो मेड फर आइफोन कार्यक्रम अन्तर्गत टाइप सी पोर्ट प्रयोगको लाइसेन्स बापत तेस्रो पक्षबाट शुल्क लिइरह्यो र हालसम्म आइफोनमा आफ्नै लाइटनिङ्ग पोर्ट प्रयोग गरिरह्यो । तर युरोपेली युनियनको कानूनका कारण एप्पलले आफ्नो आम्दानीको स्रोत गुमाउँदै अन्तत: आइफोनमा पनि टाइप सी पोर्ट राख्ने निर्णय गर्न बाध्य भयो ।

इयुले सन् २०२२ मा पारित गरेको एक कानून अनुसार युरोपेली युनियनका मुलुकहरुमा बिक्री गर्ने फोन, ट्याबलेट तथा क्यामरामा सन् २०२४ को अन्त्यसम्ममा अनिवार्य रुपमा यूएसबी पोर्ट अनिवार्य रुपमा हुनुपर्नेछ ।

**टाइप सी पोर्टमा जाँदा के फाइदा ?**

आइफोनमा पनि टाइप सी पोर्ट राखियो भने त्यसले आम स्मार्टफोन प्रयोगकर्तालाई ठूलो फाइदा हुनेछ । उनीहरुले अन्य स्मार्टफोनमा प्रयोग हुने टाइप सी केवलबाटै आइफोन चार्ज गर्न तथा डेटा ट्रान्सफर गर्न सक्नेछन् । एन्ड्रोइड फोनको युएसबी केबललाई आइफोनमा पनि प्रयोग गर्न सकिनेछ । प्लगेबल टेक्नोलोजिजका संस्थापक बर्नी थम्पसन भन्छन्, 'यूएसबी सीले विश्व विजय गरिरहँदा मैले यसको विकल्प सोंच्न समेत सक्दिनँ । के मलाई माइक्रो बी चार्जर वा लाइटनिङ्ग चार्जर चाहिन्छ त ?' सबै डिभाइसका लागि एउटै कनेक्टरको प्रयोगले हरेक डिभाइसका लागि फरक-फरक चार्जर तथा कनेक्टर किन्नुपर्ने बाध्यता हट्नेछ र विद्युतीय फोहोरलाई उल्लेख्य रुपमा कटौती गर्नेछ । आइफोनको बक्समा चार्जिङ ब्रिक नराख्नुको कारण विद्युतीय फोहोर कम गर्नु रहेको दाबी एप्पलले गर्दै आएको छ । अब उसले आइफोन १५ को बक्समा मा यूएसबी सी टू यूएसबी सी केवल राख्नेछ ।

यूएसबी सी ले फास्ट चार्जिङ् तथा उच्च गतिको डाटा ट्रान्सफरमा सहयोग गर्नेछ । लाइटनिङ्ग पोर्टको अधिकतम डेटा ट्रान्सफर गति ४८० मेगाबिट्स प्रतिसेकेण्ड रहेकोमा यूएसबी टाइप सी मा सिद्धान्तत: ८० गिगाबिट्स प्रति सेकेण्डसम्म हुने गर्दछ । यद्यपि आइफोन १५ मा यूएसबी २.० केवल प्रयोग हुने र यसको डेटा ट्रान्सफर गति ४८० मेगाबिट्स प्रतिसेकेण्डमै सिमित गरिने दाबी पनि गरिएको छ । त्यस्तै आइफोन १५ प्रो मा चाहिं यूएसबी ३.२ वा थन्डरबोल्ड ३ केवल राखिनेछ । जसको डेटा ट्रान्सफ गति २० देखि ४० गिगाबिट्स प्रतिसेकेण्ड हुनेछ । यसले आइफोनबाट भिडियो फाइल ट्रान्सफर निकै छिटो गतिमा गर्न सकिनेछ । आइफोन १४ सिरिजमा चार्जिङ् सीमा २० वाटसम्म रहेकोमा आइफोन १५ सिरिजमा भने यूएसबी टाइप सी का कारण सीमा बढ्नसक्ने र ृलागसिप एन्ड्रोइड फोनकै हाराहारीमा पर्‍याइने अनुमान गरिएको छ । उदाहरणका लागि आइफोन १४ प्रो म्याक्स पूरै चार्ज हुन करीब १ घण्टा ४० मिनेट लाग्ने गरेकोमा सामसुङ ग्यालेक्सी एस २३ अल्ट्रा भने एक घण्टाभन्दा पनि कम समयमै पूरा चार्ज हुन्छ । चार्जिङ् स्पीड बढाउनाले आइफोन प्रयोगकर्तालाई निकै फाइदा र सहजता हुनेछ । टाइप सी पोर्टसँगै अब आइफोनलाई टाइप सी केवलबाटै ठूलो स्क्रिनमा डिस्प्ले गर्ने गरी जोड्न पनि सकिनेछ ।

**टाइप सी पोर्टका बेफाइदा**

सायद तपाईंले आफ्नो एन्ड्रोइड फोनहरुमा यो समस्या भोग्नु भएकै छ होला । बजारमा धेरै खालका र सस्तो मूल्यका टाइप सी केवल पाइन्छन् । यस्ता कमसल चार्जर तथा डाटा केवलको प्रयोग गर्दा फोनको चार्जिङ तथा डाटा ट्रान्सफर गति सुस्त हुन्छ । कमसल केवलले फोनमा क्षति पुर्‍याउने जोखिम पनि रहन्छ । र, बजारमा उपलब्ध टाइप सी केवलको गुणस्तर आम सर्वसाधारण प्रयोगकर्ताले परख गर्न सक्दैनन् । यद्यपि एप्पलले भने आफ्ना डिभाइसमा सबै खालका यूएसबी टाइप सी केवललाई प्रयोग गर्न नसक्ने गरी लाइसेन्सिङ गर्ने योजना समेत बनाएको बताइन्छ । अर्थात् एप्पलको लाइसेन्स लिएका वा एप्पलले अनुमति दिएका यूएसबी सी केवलले मात्र आइफोनमा काम गर्नेछन् । जसका कारण बजारमा उपलब्ध अन्य डिभाइसमा चल्ने टाइप सी केवल आइफोनमा नचल्न सक्दछन् र आइफोनमा चल्ने केवलको मूल्य पनि धेरै हुनसक्छ ।

*-अनलाइन खबर डटकम*

# नेपालमा ५ जी प्रविधि विस्तार गर्ने तयारीमा सामसङ




सामसङले नेपालमा ५ जी प्रविधि सुरू गर्ने तयारी गरेको छ । नेपालमा आविष्कारको क्षेत्रमा सामसङ अग्रणी रूपमा रहँदै आएको छ । सामसङ विश्वकै सबैभन्दा लोकप्रियमध्येको एक ब्राण्ड हो । स्मार्टफोनको दुनियाँमा नयाँ, उन्नत र नवीनतम प्रविधि भित्र्याउनमा सामसङको बेग्लै पहिचान रहेको कम्पनीले दाबी गर्दै आएको छ । सामसङले फोल्डेबल स्मार्टफोन प्रविधिलाई उन्नत बनाउनमा समेत निकै ठूलो भूमिका खेलेको छ ।

हाल नेपालका दुई प्रमुख टेलिकम अपरेटरहरू, नेपाल टेलिकम र एनसेलको देशभर विभिन्न ब्यान्ड र फ्रिक्वेन्सीहरू सञ्चालनमा छन् । अहिले नेपालमा सञ्चालनमा रहेका सबै समान ब्यान्डहरू २ जीको लागि ब्यान्ड ८(९०० मेगाहर्ज), ३ जीको लागि ब्यान्ड १ (२१०० मेगाहर्ज) र ४ जीको लागि ब्यान्ड ३ (१८०० मेगाहर्ज) सबैसँग सामसङद्वारा समर्थित रहेको कम्पनीको भनाइ छ । नेपाल टेलिकमले भोल्टे विस्तार गर्ने समयमा भने आफ्नो एलटिई/४ जी नेटवर्कलाई साथ दिन एक अतिरिक्त समान ब्यान्ड २०(८०० मेगाहर्ज) प्रस्तुत गरेको थियो । सामसङद्वारा यसको परीक्षण गरेपछि आफ्ना उपकरणहरूमा सामसङले त्यसको प्रयोग पनि गरेको थियो । यस लगतै सन् २०२० देखि नेपालमा सामसङ ब्यान्ड २० समर्थित पहिलो मोबाइल ब्रान्ड बनेको हो । नेपालका टेलिकम कम्पनीहरू ५ जी नेटवर्क सुरू गर्नेतर्फ आफ्नो ध्यान केन्द्रित गर्दैछन् । देशमा सञ्चालित सबै नेटवर्क सञ्चालकहरूले यो प्रविधिको व्यवसायिकरण गरेसँगै प्रयोगकर्ताहरूले आफ्नो ५ जीको लागि तयार रहेका उपकरणहरूमा अन्तत: तीव्र गतिको इन्टरनेट सेवाको मज्जा लिन सक्नेछन् ।

सामसङले सन् २०२१ देखि नै ५ जीको लागि तयार विभिन्न मूल्यका स्मार्टफोनहरू उपलब्ध गराउँदै आएको छ । देशमा ५ जी प्रविधि भित्र्याउने सन्दर्भमा सामसङले नेपाल टेलिकम र एनसेल दुवै टेलिकम सञ्चालकहरूसँग निरन्तर काम गर्दै आएको छ । कम्पनीले हालै ५जी स्मार्टफोन सामसङ ग्यालेक्सी एम१४ ५ जी बजारमा उपलब्ध समेत गराएको छ । सामसङ ५ जीको लागि तयार उपकरणहरू उपलब्ध गराउन पूर्ण रूपमा तयार रहेको जनाएको छ ।

*-सेतोपाटी डटकम*


**पूर्वखोला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पूर्वखोला, पाल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

## आशय पत्र आह्वानको सूचना

***(प्रथम पटक प्रकाशित मिति : २०८०/०५/२६)***

पूर्वखोला गाउँपालिकाले निजी क्षेत्र तथा गैरसरकारी संघ संस्थासंग साझेदारीमा काम गर्ने उद्देश्यले पूर्वखोला गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७९ तथा पूर्वखोला गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधी, २०८० बमोजिम आ.व. २०८०/०८१ देखि सालबसाली बहुवर्षीय रुपमा कार्यविधीको परिच्छेद २ मा उल्लेखित कृषि तथा पशु बिकास साझेदारीको क्षेत्रमा काम गर्न ईच्छुक आवश्यक योग्यता पुगेका निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रका व्यक्ति या संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र आफ्नो संस्थाको आशय पत्र पेश गर्न आह्वान गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण गाउँपालिकाको वेभसाइत www.purbakholamun.gov.np बाट डाउनलोड गर्न वा पूर्वखोला गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, रिङ्नेरह, पाल्पाबाट प्राप्त गर्न सकिनेछ । योग्यता नपुगेका र आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न गाउँपालिका जवाफदेही हुनेछैन ।

१) कार्यक्रमको विस्तृत विवरण
२) कार्यक्रम सम्पन्न हुने अवधी
३) मुख्य कामको विवरण
४) कार्य अनुपात

**आशयपत्रका साथ संलग्न हुनुपर्ने कागजातहरु :-**

१) आशयपत्र पेश सम्बन्धी निवेदन
२) संस्थाको दर्ता नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमति पत्र लिनुपर्नेको हकमा) लगायतका कागजातको प्रमाणित प्रतिलिपी
३) स्थायी लेखा नम्बर
४) साझेदारीको लागि आवश्यक वजेटको स्रोत खुलाएको वा व्यवस्था गर्न सक्ने प्रतिवद्दता पत्र ,
५) संयूक्त उपक्रममा कार्य गर्ने संस्थाहरुको हकमा दुवै संस्था वीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल प्रति
६) प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
७) संस्था कालो सूचीमा नपरेको स्व.घोषणा पत्रको सक्कल प्रति
८) व्यक्ति, फर्म, कम्पनी तथा संघ संस्थाको विवरण (प्रोफाइल)
९) विगत तीन वर्षमा काम गरेको समान प्रकृतिको काम र संस्थानको विवरण । व्यक्तिगत आशय पत्रको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण
१०) प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण आशय पत्रदाताको आशय पत्र पूर्वखोला गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधी, २०८० को दफा ११, १२ र १३ बमोजिमका आधारमा मूल्याङ्कन गरिनेछ ।

***सुन्दरप्रसाद श्रेष्ठ***
***प्रमुख प्रशासकीय अधिकृत***

# बरजु गुठी पाल्पामा नयाँ नेतृत्व



**पाल्पा,** भदौ २५/बरजु गुठी पाल्पाको आठौं वार्षिक साधारण सभा तथा चौथो अधिवेशनले नयाँ नेतृत्व चयन गरेको छ । गुठीको तानसेनमा भएको अधिवेशनले २ वर्षे कार्यकालका लागि नयाँ नेतृत्व चयन गरेको हो ।

अधिवेशनले अध्यक्षमा प्रविन बज्राचार्य, उपाध्यक्षमा दिनेशबहादुर बज्राचार्य, महासचिवमा धिरज बज्राचार्य, कोषाध्यक्षमा ज्ञानेन्द्र काजी शाक्य, सचिवमा बसन्तलाल बज्राचार्यलाई चयन गरेको छ । यस्तै सदस्यहरुमा महेशलाल शाक्य, सुरज बज्राचार्य, नारायणबहादुर बज्राचार्य, संजयराज शाक्य विरेन्द्रराज शाक्य, राजेश बज्राचार्य, पुरनबहादुर बज्राचार्य, राजेन्द्रबहादुर बज्राचार्य, महेशमान बज्राचार्य र सुरनबहादुर शाक्य रहेका छन् ।

गुठीका निवर्तमान अध्यक्ष सुरेशमान बुद्धाचार्यले पाल्पामा बसोबास गर्दै आएका शाक्य, बज्राचार्य समुदायको सँस्कृति पहिचानलाई कायम गर्दै परस्पर सहयोग, सद्भाव र समभ्रदारीलाई एकिकृत गर्न बरजु गुठीको स्थापना भएको बताए । अधिवेशनको सह-प्राध्यापक डा.कविन्द्र बज्राचार्यले उद्घाटन गरेका थिए । अधिवेशनमा कोषाध्यक्ष धिरजबहादुर बज्राचार्यले बार्षिक आम्दानी खर्च र महासचिव दिनेशबहादुर बज्राचार्यले बार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा शाक्य बज्राचार्य समुदायका जेष्ठ नागरिक चुनुलाल बज्राचार्य, कमलमाया शाक्य, युवा महेशमान बज्राचार्य, बौद्ध विद्वान छत्रराज शाक्य, कलाकार हरिबहादुर बज्राचार्य, सामाजिक व्यक्तित्व बिनयराज बज्राचार्यलाई दोसल्ला ओढाई सम्मान गरिएको थियो । अधिवेशनमा विभिन्न समयमा विभिन्न संयोजकत्वमा भुमिका निर्वाह गरेका कार्यसमितिका उपाध्यक्ष प्रविन बज्राचार्य, कार्यसमिति सदस्यहरु धिरजबहादुर बज्राचार्य, पुरनबहादुर बज्राचार्य, नारायणबहादुर बज्राचार्य, विरेन्द्रराज शाक्य, महेशलाल शाक्यसँगै विभिन्न सहयोगी दाताहरुलाई सम्मान गरिएको थियो । कार्यक्रममा डा.कविन्द्र बज्राचार्यले बरजु गुठीले पाल्पाका शाक्य र बज्राचार्यको भेषभुषा, कला संस्कृती भाषा परम्पराको जर्गेना तथा बुद्ध शिक्षाको प्रचार-प्रसारमा ठूलो सहयोग पुऱ्याएको बताए । कार्यक्रममा बौद्ध शिक्षाका अभियन्ता छत्रराज शाक्य, ज्ञानमाला सभा महाचैत्य विहारका अध्यक्ष मनिन्द्रप्रसाद बज्राचार्य, गुठीका निवर्तमान अध्यक्ष केशवलाल बज्राचार्य, विशिष्ट अतिथि विरेन्द्रकाजी शाक्यले बरजु गुठीले गरेका क्रियाकलापको बारेमा चर्चा गरेका थिए । अधिवेशन सुरेसमान बुद्धाचार्यको सभापतित्व उपाध्यक्ष प्रविन बज्राचार्यको स्वागत र सचिव दिनेशबहादुर बज्राचार्यको सञ्चालनमा भएको थियो । नयाँ नेतृत्व चयन पछि गुठीले पद हस्तान्तरण समेत गरेको छ ।

# विधेयक नसच्याइए आन्दोलनमा...

...उनीहरुले निजामती सेवा ऐन, २०४९ मा रा.प. अनंकित द्वितीय श्रेणीको पदमा पदपूर्ती गर्दा आन्तरिक प्रतियोगितात्मक व्यवस्थाद्वारा २० प्रतिशत र कार्यक्षमताको मूल्यांकनद्वारा २० प्रतिशत पदपूर्ति हुने व्यवस्था रहेको र उक्त व्यवस्था मार्फत शैक्षिक योग्यता र सेवा अवधि पुरा गरेका वनरक्षक कर्मचारीहरुले आन्तरिक प्रतियोगिता र कार्यक्षमताको मूल्यांकद्वारा हुने बढुवा मार्फत प्रतिस्प्रर्धा गरी वृत्तिविकासको अवसर प्राप्त गरिरहेको सन्दर्भमा उक्त व्यवस्थाको समेत विपरित हुने गरी आएको प्रदेश निजामती सेवा ऐन, २०५० मा भएको आन्तरिक प्रतियोगितात्मक व्यवस्था नै हटाईएकाले आन्तरिक प्रतियोगिताद्वारा ४० प्रतिशत र जेष्ठता र कार्यसम्पादनद्वारा हुने बढुवाद्वारा २० प्रतिशत पदपूर्तीको व्यवस्था थप गर्नुपर्ने, गण्डकी प्रदेश र मधेश प्रदेश मातहतमा रहेका सम्पूर्ण श्रेणीविहिन वनरक्षक कर्मचारीहरुलाई सहायक तेश्रो तह कायम गरिएको हुँदा लुम्बिनी प्रदेश मातहतका श्रेणी विहिन वनरक्षक कर्मचारीहरुलाई हालको बिधेयकमा श्रेणी विहिन नै कायम गरिएकोले श्रेणी विहिन पद हटाई सहायक तेश्रो तह कायम गरिनुपर्ने, वनरक्षक कर्मचारीको पनि अन्य कर्मचारी सरह एक तह बढुवा हुनुपर्ने, शैक्षिक योग्यता, सेवाकालिन तालिम र सेवा अवधिको आधारमा वनरक्षक कर्मचारीहरुको बढुवा हुने ब्यवस्था सुनिश्चित गरिनुपर्ने, लुम्बिनी प्रदेश लोकसेवा आयोग बुटवलबाट आ.व. ०७८/७९ मा सेवा प्रवेश गरेका वनरक्षक कर्मचारीहरुको सिटरोल दर्ताको व्यवस्था हुनुपर्ने लगायतका माग राखेका छन् ।


## सूचना

**सूचना प्रकाशित मिति : २०८०/०५/२६**

तानसेन स्कूल अफ हेल्थ साईन्स, तानसेन, पाल्पामा CMLT मा केही सिट रिक्त रहेकोले यो सूचना प्रकाशित मितिले ३ दिन भित्र CMLT को पास लिस्टमा भएका विद्यार्थीहरुले सम्पर्क गर्न अनुरोध छ ।

- विद्यार्थी भर्ना लिदा वरियताक्रम अनुसार लिइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

विस्तृत जानकारीका लागि

**तानसेन स्कूल अफ हेल्थ साईन्स**

**तानसेन, पाल्पा**

**०७५-५२०१६६**


## सच्याइएको

नवजनचेतना राष्ट्रिय दैनिको वर्ष २९ अंक ५०, मिति २०८०/०५/१९ गते चौथो पृष्ठमा श्री मालपोत कार्यालय तानसेन पाल्पाबाट जारी भएको नामसारी सम्बन्धी ३५ दिने हकदाबी गर्न आउने सार्वजनिक सूचनामा बाबु टेक प्रसाद तिमिल्सीनाको मिति २०७९/०२/१२ मा मृत्यु भएको हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ । स.

## खेलकुद समाचार

# थाइल्याण्ड ओपन करातेमा नेपाललाई १२ पदक



**काठमाडौं,** भदौ २५/थाइल्यान्ड ओपन कराते च्याम्पियनसिपमा नेपालले १२ पदक जितेको छ । सेप्टेम्बर ६ देखि १० तारिखसम्म भएको प्रतियोगितामा नेपालले सिनियरतर्फ एक कास्य तथा जुनियर र क्याडेततर्फ ११ पदक जितेको हो । सिनियरतर्फ ५५ केजिमा नेपालका लागि निमा तामाङले कास्य पदक जितेकी हुन् ।

जुनियरतर्फ नेपालले २ स्वर्णसहित ११ पदक जितेको हो । जुनियरतर्फ युथ १२ को ३५ केजि तौल समूहमा नेपालका मनिल श्रेष्ठ तथा ४० केजि तौल समूहमा सङ्युना मगरले स्वर्ण पदक जिते । यसैगरी क्याडेट ७० केजि माथि तौल समूहमा हार्दिक थपलिया तथा जुनियरतर्फ युथ १४ मा एकल कातामा राहन जाभेदले रजत पदक जिते ।

जुनियरको युथ १२ तर्फ ३० केजि तौल समूहमा विविशा अधिकारी, ३५ केजि तौल समूहमा प्रलेश महर्जन, ४० केजि तौल समूहमा अविधी विश्वकर्मा, ४५ केजि तौलमा कविर शर्मा चौलागाईं र ४५ केजि तौल समूहभन्दा माथिमा सुमन मल्लले कास्य पदक जिते । जुनियरतर्फ उजिन पन्डित क्षेत्रीले ७६ केजिमा कांस्य तथा क्याडेततर्फ पुरुष ५७ केजि मुनी जिसम लुङ्गेलीले कांस्य पदक जिते । नेपाली टोलीको प्रशिक्षक तथा १३ औं दक्षिण एसियाली खेलकुदका दोहोरो स्वर्ण विजेता मन्देकाजी श्रेष्ठ थिए ।


## वर्गिकृत डिस्प्ले

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा ४४.३० अंकको वृद्धि



**पाल्पा,** भदौ २५/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ४४ दशमलव ३० अंकले वृद्धि भएको छ । सोमबारको कारोबारमा परिसूचक दुई दशमलव २८ प्रतिशतले बढेर एक हजार नौ सय ८६ दशमलव ९९ अंकमा कायम भएको हो ।

कारोबारमा विभिन्न कम्पनीका कुल ४७ लाख ४२ हजार पाँच सय ११ कित्ता शेयर ३७ हजार सात सय ९९ पटक खरिदबिक्री हुँदा रु एक अर्ब ५१ करोड ८३ लाख ४३ हजार तीन सय ९७ बराबरको कारोबार भएको छ । कारोबारमा सबै समूहको उपसूचक हरियो देखिएको छ । सबैभन्दा वित्त समूहको उपसूचक तीन दशमलव ६५ प्रतिशत र व्यापार समूहको उपसूचक तीन दशमलव ६३ प्रतिशतले बढेको छ । श्री स्टार हाइड्रोपावर लिमिटेडको शेयर मूल्य नौ दशमलव ९८ प्रतिशतले बढेको छ भने मेन्छियाम हाइड्रोपावर लिमिटेडको नौ दशमलव ९७, मोलुङ हाइड्रोपावर कम्पनी लिमिटेडको नौ दशमलव ८७, सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड नौ दशमलव ८५ र प्रोग्रेसिभ फाइनान्स लिमिटेडको शेयर मूल्य आठ दशमलव ६५ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम-२ को शेयर मूल्य सात दशमलव ४३ले घटेको छ । कारोबार रकमका आधारमा आज साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडको रु छ करोड २५ लाख ५२ हजार चार सय ४८ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेड र बढी संख्यामा शेयर कारोबार हुनेमा आइएमई लाइफ इन्स्योरेन्स छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जंनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयः भगवतीटोल-३,तानसेन,पाल्पा,फोनः०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादकःजगदीशप्रसाद भट्टराई